## पाठ २२

१.सदोम र गमोराका मानिसहरूको दुष्ट्याँइको बारेमा परमेश्वरलाई थाहा थियो ?

- थाहा थियो ।

२. मानिसहरूले परमेश्वरलाई बिर्सिएका थिए तर के परमेश्वरले तिनीहरूलाई बिर्सनुभएको थियो ?

- थिएन ।

-

३. मानिसहरूले परमेश्वरलाई बिर्सिए तापनि के परमेश्वरले तिनीहरूको पाप बिर्सनुहुन्छ ?

- बिर्सनुहुन्न ।

४. परमेश्वरले किन हरेक पापको सजाय दिइछोड्नुहुन्छ ?

- किनभने परमेश्वर सिद्‌ध हुनुहुन्छ ।
- किनभने परमेश्वरले मानिसलाई सिद्‌धरूपमा पृष्टि गर्नुभएको थियो ।
- किनभने हरेक पाप परमेश्वरको विरुद्‌धमा हुन्छ ।

५. सदोम र गमोराका मानिसहरूले गरेको पापको निम्ति परमेश्वरले तिनीहरूलाई किन तत्कालै सजाय दिनुभएन ?

- किनभने परमेश्वरले तिनीहरूले तिनीहरूका पापको निम्ति पश्चात्ताप गरेको चाहनुहुन्थ्यो ।
- किनभने परमेश्वर तिनीहरूलाई बचाउन चाहनुहुन्थ्यो ।

६. परमेश्वरले आज पाप गर्ने मानिसलाई किन तत्कालै सजाय दिनुहुँदैन ?
- किनभने परमेश्वर तिनीहरूले तिनीहरूको पापको निम्ति पश्चात्ताप गरून् भन्ने उहाँ चाहनुहुन्छ ।
- किनभने परमेश्वर तिनीहरूलाई बचाउन चाहनुहुन्छ ।

७. के परमेश्वर तिनीहरूलाई धम्क्याउनुहुन्छ तर परमेश्वरले तिनीहरूको पापको निम्ति तिनीहरूलाई सजाय दिनुहुन्न ?
- होइन ।
- परमेश्वरले सबै पापलाई सजाय दिनुहुन्छ ।

८. जब पापीहरूलाई सजाय दिने परमेश्वरको समय आउँछ के उहाँलाई कसैले रोक्न सक्छ ?
- सक्दैन ।

९. जसरी पापले लोतलाई सदोममा तान्यो त्यसरी नै सबै मानिसहरूलाई पापले के गर्छ ?

- पापले मानिसहरूलाई उसको अधार्मकतातिर नजिक अझ नजिक तान्छ ।

१०. हामी कसरी सदोम र गमोराका मानिसहरूजस्तै छौं ?

- हामीले धेरै झूठो बोलेका छौं ।
- हामीले कपटपूर्वक अरूलाई दोष लगाएका छौं ।
- हामीले हाम्रा छिमेकीलाई सराप दिएका छौं ।
- हामीले अरू मानिसको माल चोरेका छौं ।
- हामी अरूकी स्वास्नीसँग सुतेका छौं ।
- हामीले अरू मानिसको हत्या गरेका छौं ।

११. परमेश्वरले लोतलाई किन बचाउनुभयो ?

- किनभने लोतलाई तिनले परमेश्वरका विरुद्धमा पाप गरेका छन् भन्ने थाहा थियो ।
- किनभने लोतलाई तिनको पापले आत्मिक मृत्युको दण्ड ल्याउँछ भन्ने थाहा थियो ।
- किनभने लोतलाई परमेश्वर एक्लैले मात्रै तिनलाई बचाउन सक्नुहुन्थ्यो भन्ने थाहा थियो ।

- किनभने लोतले परमेश्वरले तिनलाई बचाउन उद्धारकर्ता पठाउनुहुनेछ भनी विश्वास गरेका थिए ।

१२. परमेश्वरले लोतकी स्वास्नीलाई किन नूनको थाममा परिणत गर्नुभयो ?
- किनभने लोतकी स्वास्नीले परमेश्वरको भनाइको अवज्ञा गरेर पछि फर्केर हेरिन् ।

१३. लोतकी स्वास्नीले किन पछि फर्केर हेरिन् ?
- किनकि तिनले आफ्ना पापहरूलाई माया गरिन् ।
- किनकि तिनी आफ्ना पापहरू छोड्न चाहन्नथिइन् ।

- परमेश्वरले अब्राहाम र सारालाई एउटा छोरा दिनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो ।
- अब्राहाम १०० वर्षका भएका थिए र सारा ९० वर्षकी वृद्धा भएकी थिइन् तर पनि तिनीहरूका कोही छोराछोरी थिएनन् ।

- के परमेश्वरले अब्राहामलाई एउटा छोरा दिनेछु भनी गर्नुभएको प्रतिज्ञा भुल्नुभयो ?
- भुल्नुभएन ।
- परमेश्वरले उहाँको प्रतिज्ञा भुल्नुहुन्न ।

- परमेश्वर सधैं उहाँको प्रतिज्ञा कायम राख्नुहुन्छ ।

- के परमेश्वरले अब्राहामलाई छोरा दिने भनी उहाँले गरेको प्रतिज्ञा बदल्नुभयो ?
- बदल्नुभएन ।
- परमेश्वर उहाँको मन बदल्न सक्नुहुन्न ।
- परमेश्वर जे बोल्नुहुन्छ त्यो सधैं गर्नुहुन्छ ।

- अब्राहाम १०० वर्षका थिए र सारा ९० वर्षकी बाँझी थिइन् ।

- के परमेश्वरलाई अब्राहाम र सारालाई छोरा दिन साह्रै कठिन थियो ?
- थिएन ।

- परमेश्वरको निम्ति केही कुरा पनि साह्रै कठिन छैन ।
- परमेश्वर जे पनि गर्न सक्नुहुन्छ ।

- परमेश्वरले प्रतिज्ञा गर्नुभएजस्तै उहाँले अब्राहाम र सारालाई एउटा छोरो दिनुभयो ।

आउनुस् उत्पत्ति २१:१-३ पद पढौं ।

परमप्रभुले सारालाई दया गर्ने प्रतिज्ञा गर्नु भएको थियो।
परमप्रभु आफ्नो प्रतिज्ञा अनुसार साराप्रति दयालु
हुनुभयो। 2 सारा गर्भवती भइन अनि तिनले बृद्धाअवस्थामा
अब्राहामको निम्ति एउटा छोरा जन्माइन्। ठीक समयमा
परमेश्वरले जे वचन दिनु भएको थियो त्यो पुरा भयो।
3 साराले तिनको निम्ति एउटा छोरो जन्माएकी थिइन्
उसको नाउँ अब्राहामले इसहाक राखे।

- १०० वर्षका वृद्ध अब्राहाम र ९० वर्षकी बृद्धा बाँझी सारा कसरी सन्तानका मातापिता बन्न सक्षम भए ?

- किनभने जीवन दिने परमेश्वर हुनुहुन्छ ।

- किनभने परमेश्वर जे पनि गर्न सक्नुहुन्छ ।

- परमेश्वरले अब्राहाम र सारालाई दिनुभएको छोराको नाम के थियो ?

- इसहाक ।

- धेरै वर्षपछि इसहाक बलियो तन्नेरी बनेर हुर्किए ।
- अब्राहाम र साराले इसहाकलाई धेरै माया गर्थे ।

- के अब्राहामलाई परमेश्वरले इसहाकको वंशबाट उद्धारकर्ता ल्याउने योजना गर्नुभएको छ भन्ने थाहा थियो ?
- थाहा थियो ।

- अब्राहामले परमेश्वरले इसहाकको वंशबाट उद्धारकर्ता ल्याउछु भनी गर्नुभएको प्रतिज्ञा सम्झिरहेका थिए ।

- एकदिन परमेश्वरले अब्राहामसँग इसहाकको बारेमा कुरा गर्नुभयो ।

आउनुस् उत्पत्ति २२:१-२ पद पढौं ।

ती कुराहरू भइसकेपछि परमेश्वरले अब्राहामको जाँच लिने निर्णय लिनु भयो। परमेश्वरले तिनलाई भन्नुभयो, “अब्राहाम!” अनि अब्राहामले भने, “हजुर!”

2 तब परमेश्वरले भन्नुभयो, "मोरीयाह भूमिमा तिम्रो छोरोलाई लैजाऊ। मोरीयामा मेरो निम्ति बलिदान स्वरूप तिम्रो छोरो बलि देऊ। तिम्रो छोरो चाँहि इसहाक हुनु पर्छ तिम्रो एउटा छोरा जुन छोरालाई तिमी बढी माया गर्छौ। त्यहाँको कुनै एउटा पर्वतमा तिम्रो छोरोलाई होमबलि चढाऊ। कुन चाँहि पर्वतमा बलिदान चढाउनु पर्छ त्यो म बताउनेछु।"

- परमेश्वरले किन अब्राहामलाई इसहाकको बलि दिने आज्ञा दिनुभयो ?
- परमेश्वर अब्राहामको परीक्षा लिन चाहनुहुन्थ्यो ।

- परमेश्वर किन अब्राहामको परीक्षा लिन चाहनुहुन्थ्यो ?
- परमेश्वर अब्राहामले तिनको छोरा इसहाक वा परमेश्वर कसलाई बढी माया गर्छन् भन्ने हेर्न चाहनुहुन्थ्यो ।

- अब्राहामलाई इसहाकको बलि देऊ भनी आज्ञा दिन परमेश्वर कसरी सक्षम हुनुभयो ?

- किनभने परमेश्वरले अब्राहामलाई जीवन दिनुभएको हो ।
- किनभने परमेश्वरले इसहाकलाई जीवन दिनुभएको हो ।
- किनभने परमेश्वरले सबै मानिसलाई जीवन दिनुभएको हो ।

- के तपाईंका छिमेकीले तपाईंका छोराछोरीलाई के गर्ने भनेर भन्छन् ?
- भन्दैनन् ।

- किन ?
- किनभने तपाईंका छिमेकी तपाईंका छोराछोरीका प्रभु होइनन् ।

- के तपाईंका छिमेकीले तपाईंलाई खेतमा के कसरी रोप्ने भनेर भन्छन् ?
- भन्दैनन् ।

- किन भन्दैनन् ?
- किनभने तपाईंका छिमेकी तपाईंको खेतका प्रभु होइनन् ।

- इसहाकको प्रभु को हुनुहुन्छ ?
- परमेश्वर ।

- सबै मानिसहरूका प्रभु को हुनुहुन्छ ?

- परमेश्वर ।

- किनभने परमेश्वर नै सबै मानिसहरूका प्रभु हुनुहुन्छ परमेश्वरले नै मानिसहरूलाई जे चाह्‍यो त्यो अह्राउन सक्नुहुन्छ ।

- जब परमेश्वरले इसहाकको बलि दिन भन्नुभयो त्यसपछि अब्राहामले के गरे ?

आउनुस् उत्पत्ति २२:३ पद पढौं ।

3 बिहान अब्राहाम उठे अनि गधामा लगाम कसे। अब्राहामले आफूसँग छोरो इसहाक र दुइ जना नोकरहरू पनि लगे। तिनले बलिको निम्ति दाउरा काटे अनि परमेश्वरले बताउनु भएको ठाउँमा गए।

- अब्राहामले बलिदानको निम्ति दाउरा तैयार पारे र इसहाक र तिनका दुईजना नोकरलाई परमेश्वरले देखाउनुभएको ठाउँमा लिएर गए ।

- अब्राहाम इसहाकलाई कसरी बलिदान दिनसक्थे ?

- यदि अब्राहामले इसहाकको बलि दिन्थे भने परमेश्वरले उहाँको प्रतिज्ञा कसरी कायम राख्न सक्नुहुन्थ्यो ?

- यदि अब्राहामले इसहाकको बलि दिन्थे भने परमेश्वरले कसरी अब्राहामलाई धेरै दरसन्तानहरू दिनसक्नुहुन्थ्यो ?

- यदि अब्राहामले इसहाकको बलि दिन्थे भने परमेश्वरले कसरी अब्राहामको दरसन्तानको रूपमा उद्धारकर्ता पठाउनसक्नुहुन्थ्यो ?
- परमश्वरले अब्राहामसँग इसहाका धेरै दरसन्तानहरूका पिता हुनेछन् र उद्धारकर्ता तिनका दरसन्तान हुनुहेनछ भनी प्रतिज्ञा गर्नुभयो ।

- के परमेश्वर उहाँको मन बदल्नुभयो ?
- भएन ।

- के परमेश्वरले उहाँको प्रतिज्ञा भङ्ग गर्ने निर्णय गर्नुभयो ?
- भएन ।

- के अब्राहामले परमेश्वरले उहाँको मन बदल्नुभयो भन्ने ठाने ?
- ठानेनन् ।

- अब्राहामले परमेश्वर र उहाँको प्रतिज्ञामा विश्वास गरे ।
- अब्राहामले परमेश्वरले उहाँको प्रतिज्ञा कायम राख्नुहुनेछ भनी विश्वास गरे ।

- अब्राहामले परमेश्वरले तिनलाई धेरै दरसन्तानहरू दिनेछु भनी गर्नुभएको प्रतिज्ञा कायम राख्नहुनेछ भनी विश्वास गरे ।

- अब्राहामले परमेश्वरले उद्धारकर्ता पठाउछु भनी गर्नुभएको प्रतिज्ञा कायम राख्नहुनेछ भनी विश्वास गरे ।

- अब्राहामले यदि तिनले इसहाकलाई बलि दिए भने परमेश्वरले के गर्नुहुनेछ भनी विश्वास गरे ?

- अब्राहामले यदि तिनले इसहाकलाई बलि दिए भने परमेश्वरले तिनलाई मरेकाबाट जीवित पार्नुहुनेछ भनी विश्वास गरे ।

- अब्राहामको विश्वास आदम र हव्वाको विश्वासभन्दा फरक थियो ।

- अदनको बगैँचामा परमेश्वरले आदम र हव्वालाई यदि तिनीहरूले असल र खराबको ज्ञान दिने रूखको फल खाए भने तिनीहरू मर्नेछन् भन्नुभयो ।

- आदम र हव्वाले परमेश्वरमा विश्वास गरेनन् ।
- तर अब्राहामले परमेश्वरमा विश्वास गरे ।

- किनभने अब्राहामले परमेश्वरमा विश्वास गरे त्यसैले तिनले इसहाक र अरू दुईजना नोकरहरूलाई परमेश्वरले भन्नुभएको ठाउँमा लिएर गए ।

आउनुस् उत्पत्ति २२:४-६क पद पढौं ।

4 तीन दिनसम्म यात्रा गरेपछि अब्राहामले माथितिर हेरे
अनि तिनीहरू जानु पर्ने ठाउँ देखे। 5 त्यसपछि अब्राहामले
कमाराहरूलाई भने, "गधासित यही पर्ख। म छोरोसित त्यस ठाउँमा जानेछु, अनि उपासना गर्नेछौं। अनि केही बेरपछि तिमीहरू भएको ठाउँमा हामी फर्कन्छौ।"

6 अब्राहामले होमबलिको निम्ति दाउरा उठाएर छोरोको काँधमा राखि दिए। तिनले एउटा विशेष काट्ने हतियार र आगो पनि लगे।

- जब अब्राहाम र इसहाक सँगै हिँडिरहेका थिए इसहाकले तिनका पितालाई एउटा प्रश्न सोधे ।

आउनुस् उत्पत्ति २२:६ख-७ पद पढौं ।

त्यसपछि अब्राहाम र तिनको छोरो आराधना गरिने ठाउँमा गए।

7 इसहाकले आफ्नो पिता अब्राहामलाई सोध्यो, "बुबा!"
अब्राहामले उत्तर दिए, "भन, छोरा।"

इसहाकले भने, "म दाउरा र आगो देख्छु तर होम बलिको निम्ति दिनु पर्ने थुमाचाहिँ कहाँ छ?"

- इसहाकको प्रश्न के थियो ?
- बलिको लागि थुमा कहाँ थियो ?

- इसहाकलाई तिनका पिता बलिदान चढाउन जाँदैछन् भन्ने थाहा थियो ।
- इसहाकलाई तिनीहरूले आगो र दाउरा लगिरहेका छन् भन्ने थाहा थियो ।

- तर पनि तिनीले बुझिरहेका थिएनन् कि किन तिनीहरूले साथमा थुमा लगिरहेका थिएनन् ।
- अब्राहामले इसहाकलाई के जवाफ दिए ?

आउनुस् उत्पत्ति २२:८ पद पढौं ।

8 अब्राहामले उत्तर दियो, “छोरो परमेश्वर आफैंले बलिदानको निम्ति थुमा बन्दोबस्त गरिदिनु हुँदैछ।” यसरी अब्राहाम र तिनको छोरो इसहाकसँगै बलिदिने ठाउँमा पुगे।

- अब्राहामको उत्तर के थियो ?
- परमेश्वरले नै थुमा जुटाउनु हुनेछ भनी अब्राहामले जवाफ दिए ।

- अब्राहामले परमेश्वरले बलिदान जुटाउनु हुनेछ भनी विश्वास गरे ।

- हामीले गर्नसक्ने सबैभन्दा महत्त्वपूर्ण कुरा परमेश्वरमा विश्वास गर्नु हो ।

- परमेश्वरको सन्देश सन्दैमा हामी बच्दैनौं ।

- बचाइनको लागि हामीले परमेश्वरको सन्देशमा विश्वास गर्नैपर्छ ।
- यहाँ एउटा उदाहरण छ ।

- एकजना गम्भीर बिरामी डाक्टरकहाँ गयो ।
- डाक्टरले बिरामीलाई हेर्‍यो र उसलाई लागेको बिरामको बारेमा भन्यो ।

- त्यसपछि डाक्टरले त्यो बिरामीलाई फेरि स्वस्थ बन्नको लागि चाहिने औषधि दियो ।

- बिरामी मान्छेले औषधि लियो, गोजीमा राख्यो र घर फर्कियो ।

- तर त्यो बिरामी मान्छेले कहिल्यै औषधि खाएन ।

- बिरामीले केवल डाक्टरको कुरा सुन्यो ।
- उसले औषधि खाएन ।

- के त्यो बिरामी मान्छे निको भयो होला ?
- भएन ।

- परमेश्वरको वचन सुन्नाले मात्रै तपाईं बचाइनुहुन्न ।

- तपाईंले परमेश्वरको वचन अब्राहामलेजस्तै विश्वास गर्नुपर्छ ।
- यदि तपाईंले परमेश्वरको सन्देश सुन्नुमात्रै भयो तर विश्वास गर्नुभएन भने तपाईं शैतानजस्तै बन्नुभयो ।
- यदि तपाईंले परमेश्वरको सन्देश सुन्नुभयो तर विश्वास गर्नुभएन भने तपाईं परमेश्वरमा झूठ ठहरिनुभयो ।

- परमेश्वरले तिनीहरूलाई मात्रै बचाउनुहुन्छ जसले उहाँमा विश्वास गर्छन् ।
- परमेश्वरले तिनीहरूलाई मात्रै बचाउनुन्छ जसले उहाँको वचनमा विश्वास गर्छन् ।

- परमेश्वरको वचन कहाँ छ ?
- परमेश्वरको पुस्तक बाइबलमा ।

- जब अब्राहाम र इसहाक परमेश्वरले देखाउनुभएको ठाउँमा पुगे त्यहाँ के भयो ?

आउनुस् उत्पत्ति २२:९-१० पद पढौं ।

9 तिनीहरू त्यही निर्दिष्ट जग्गामा पुगे जहाँ परमेश्वरले अह्राउनु भएको थियो। त्यहाँ अब्राहामले वेदी बनाए अनि त्यसपछि वेदी माथि दाउरा राखेर आफ्नो छोरोलाई बाँधी

वेदीमाथि राखिएको दाउरामाथि राखे। [10]तब तिनले काट्ने हतियार लिएर इसहाकलाई मार्न तत्पर भए।

- अब्राहामले के गरे ?
- तिनले अब्राहामलाई बाँधे र तिनलाई बेदीमा सुताए ।
- के अब्राहाम इसहाकलाई बचाउन सक्षम थिए ?
- थिएनन् ।

- अब्राहाम किन इसहाकलाई बचाउन सक्षम थिएनन् ?

- किनभने अब्राहामले पहिल्यै इसहाकको बलिदान चढाउन छुरा उचालिसकेका थिए ।

- के इसहाक आफूलाई बचाउन सक्षम थिए ?
- थिएनन् ।

- इसहाक किन आफूलाई बचाउन सक्षम थिएनन् ?

- किनभने अब्राहामले इसहाकका हातखुट्टा बाँधेका थिए ।

- इसहाक भाग्न सक्दैनथे ।

- जब परमेश्वरले बाढी पठाउनुभयो जो मानिसहरू जहाज बाहिरै थिए तिनीहरू भाग्न सक्दैनथे ।

- जब परमेश्वरले स्वर्गबाट आगो पठाउनुभयो सदोम र गमोराका मानिसहरू भाग्न सक्दैनथे ।

- जब लोतकी स्वास्नीले सदोमतर्फ फर्केर हेरिन् तिनी भाग्न सक्दैनथिन् ।

- कोही पनि भाग्न सक्दैन ।

- इसहाकलाई बचाउन को मात्रै सक्षम हुनुहुन्थ्यो ?
- परमेश्वर ।

- के अरू मानिसहरू हामीलाई बचाउन सक्छन् ?
- सक्दैनन् ।

- के हामी आफैलाई बचाउन सक्छौं ?
- सक्दैनौं ।

- को एकजना मात्रै हुनुहुन्छ जो हामीलाई बचाउन सक्नुहुन्छ ?
- परमेश्वर ।

- परमेश्वरले मात्रै नोआ र तिनको परिवारलाई बचाउनुभयो ।
- परमेश्वरले मात्रे लोत र तिनका दुईजना छोरीहरूलाई बचाउनुभयो ।

- परमेश्वर मात्रै सबै मानिसहरूलाई बचाउन सक्नुहुन्छ ।
- परमेश्वर मात्रै इसहाकलाई बचाउन सक्नुहुन्थ्यो ।